जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २८ • अंक १६४ • २०८३ साल कार्तिक २१ गते शनिबार (7 November, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

मिर्चैयामा ब्राउन सुगरसहित दुई जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । सिरहाको मिर्चैयाबाट प्रहरीले १०.३९ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले दिएको जानकारी अनुसार मिर्चैया नगरपालिका-६ स्थित कटारी चोकबाट बिहीबार राति उनीहरू पक्राउ परेका हुन् । पक्राउ पर्नेमा मिर्चैया नगरपालिका-५ का २७ वर्षीय कृष्णकुमार यादव र कल्याणपुर नगरपालिका-४ का २० वर्षीय सुरेन्द्र यादव रहेका छन् ।

सिरहा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार इलाका प्रहरी कार्यालय मिर्चैया र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरेको छ ।

कटारी चोकबाट कटारीतर्फ जाँदै गरेको बा.प्र.०२-००५ प ३७०३ नम्बरको मोटरसाइकललाई प्रहरीले शंकास्पद रूपमा रोकेर जाँच गर्न खोज्दा चालक मोटरसाइकल छाडेर फरार भएका थिए । मोटरसाइकलमा पछाडि सवार दुवै जनालाई नियन्त्रणमा लिएर जाँच गर्दा कृष्णकुमार यादवको साथबाट प्लास्टिकसहित १३.०७ ग्राम र प्लास्टिकबाहेक १०.३९ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको डीएसपी पालले जानकारी दिए ।

प्रहरीका अनुसार उनीहरूको साथबाट चार हजार रुपैयाँ नगद, दुई थान स्क्रिन टच मोबाइल र एक थान डिजिटल तराजुसमेत बरामद गरिएको छ ।

बरामद लागुऔषधजस्तो देखिने पदार्थ, नगद, मोबाइल, डिजिटल तराजु र मोटरसाइकलसहित पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

फरार मोटरसाइकल चालकको खोजी तथा पहिचान गर्ने कार्यसमेत भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

नेकपाका चार मन्त्रीद्वारा सामूहिक राजीनामा

नयाँ सत्ता समीकरणको कसरत, थप संकटमा मुख्यमन्त्री यादव नेतृत्वको सरकार

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको सत्ता राजनीतिमा फेरि नयाँ मोड लिएको छ । नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारबाट नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाहिरिएसँगै प्रदेशमा नयाँ सत्ता समीकरण निर्माणको बाटो खुलेको छ ।

नेकपाबाट मधेश प्रदेश सरकारमा सहभागी चार जना मन्त्रीले शुक्रबार साँझ सामूहिक रूपमा राजीनामा दिएका छन् । अर्थमन्त्री युवराज भट्टराई, उद्योग तथा पर्यटनमन्त्री कनिष पटेल, उर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जवाहरलाल कुशवाहा र गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मुख्यमन्त्री यादवसमक्ष राजीनामा बुझाएका छन् ।

मुख्यमन्त्री काठमाण्डुमा रहेकाले मन्त्रीहरूले ह्वाट्सएपमार्फत राजीनामा-पत्र पठाएको एक मन्त्रीले जानकारी दिएका छन् । राजनीतिक निकासका लागि सामूहिक राजीनामा दिएको उनीहरूले पत्रमा उल्लेख गरेका छन् ।

नेकपाले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ । पार्टीले समर्थन फिर्ताको जानकारी प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ समक्ष गराएको छ । यससँगै मुख्यमन्त्री यादव नेतृत्वको सरकार थप राजनीतिक दबाबमा परेको छ ।

जसपा नेपालको नेतृत्वमा नयाा सरकार बन्ने चर्चा

नेकपाका मन्त्रीहरूले राजीनामा दिएसँगै मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी सम्मिलित नयाँ सत्ता समीकरण निर्माणको चर्चा तीव्र बनेको छ ।

नेकपा एमालेका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले तीन दलबीच नयाँ सरकार गठन गर्ने विषयमा सहमति नजिक पुगेको दाबी गरेका छन् ।



उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच केन्द्रस्तरमै नयाँ राजनीतिक समीकरणबारे छलफल भएको बताए ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका नेता यादवले तीन दलबीच सरकार गठन गर्ने सहमति लगभग टुंगिएको र कुन दलले सरकारको नेतृत्व गर्ने भन्ने विषयमा चाँडै निष्कर्षमा पुगिने बताएका छन् ।

स्रोतले जनाए अनुसार जसपा नेपालको नेतृत्वमा सरकार गठन हुने सम्भावना बलियो छ । जसपा नेपालका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्रीका सम्भावित उम्मेदवारका रूपमा चर्चामा छन् ।

एमालेको बहिर्गमनपछि नेकपा पनि बाहिरियो

गत असोज ३० गते नेकपा एमालेले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै आफ्ना चार मन्त्रीलाई सरकारबाट फिर्ता बोलाएको थियो ।

सरकार गठनका क्रममा दलहरूबीच भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै एमालेले समर्थन फिर्ता लिएको थियो । एमालेका चार मन्त्रीले राजीनामा दिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको थियो ।

त्यतिबेला नेपाली कांग्रेस र नेकपा सरकारमै रहेर मुख्यमन्त्री यादवलाई समर्थन गरिरहेका थिए । तर, पछिल्लो राजनीतिक घटनाक्रमसँगै नेकपा पनि सरकारबाट बाहिरिएको छ । एमालेको समर्थन फिर्तापछि सरकार जोगाउन कांग्रेस सभापति गगनकुमार थापाले एमाले अध्यक्ष ओलीसँग संवादसमेत गरेका थिए । एमाले पुनः कांग्रेस नेतृत्वको सरकारमा सहभागी हुने सम्भावनाबारे छलफल भए पनि ओली त्यसका लागि तयार नभएको बताइएको छ ।

सरकारबाट बाहिरिएको दल पुनः त्यही सरकारमा फर्किदा राजनीतिक रूपमा नकारात्मक सन्देश जाने तर्क गर्दै ओलीले कांग्रेस नेतृत्वको सरकारमा पुनः सहभागी हुन अनिच्छा देखाएपछि नयाँ समीकरणको प्रयास अघि बढेको नेताहरू बताउँछन् ।

एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको मुख्यमन्त्री यादव नेतृत्वको सरकारले अब प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ ।

संविधान अनुसार सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

एमालेले गत असोज ३० गते समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने समयसीमा नजिकिँदै गएको छ । यस अघि उनले कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिन विभिन्न दलसँग संवाद र छलफल अघि बढाएका थिए ।

तर नेकपाले समेत समर्थन फिर्ता लिएपछि सरकारको भविष्य थप अन्योलपूर्ण बनेको छ । नयाँ सत्ता समीकरणले औपचारिक स्वरूप लिएमा वर्तमान सरकार विस्थापित हुने र प्रदेशमा नयाँ सरकार गठन हुने सम्भावना देखिन्छ ।

यस घटनाक्रमले आगामी स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा एमाले र नेकपा कार्यगत एकता गरी सहभागी हुने छ भने यस क्रममा जसपासमेत यस गठबन्धनमा सहभागी हुने सक्ने कतिपयले अनुमान लगाउन थालेका छन् ।

धनतेरसमा जनकपुरधाम बजारमा उपभोक्ताको घुइँचो

सुनचाँदीदेखि भाँडाकुँडासम्म किनमेलमा व्यस्त

टुडे समाचारदाता

जनकपुरधाम । दीपावली अर्थात् तिहार पर्वको सुरुवातसँगै धनतेरसका अवसरमा जनकपुरधामको बजारमा उपभोक्ताको व्यापक चहलपहल देखिएको छ । धनतेरसलाई लक्षित गरी शुक्रबार बिहानैदेखि जनकपुरधामका मुख्य बजार क्षेत्रमा किनमेल गर्ने उपभोक्ताको भीड बढेको छ । विशेषगरी सुनचाँदीका गहना, तामा, पित्तल, स्टिललगायत धातुका भाँडाकुँडा तथा पूजासामग्री खरिद गर्नेको चहलपहल उल्लेख्य देखिएको छ ।

धनतेरसका दिन नयाँ धातुका सामग्री खरिद गरी घरमा भित्र्याउँदा सुख, समृद्धि र धनधान्य वृद्धि हुने धार्मिक विश्वासका कारण उपभोक्ताहरू किनमेलमा व्यस्त देखिएको छ । जनकपुरधामको सुनचाँदी बजारदेखि भाँडाकुँडाका पसल तथा अन्य व्यापारिक प्रतिष्ठानसम्म ग्राहकको आवागमन बढेको छ । बजारका विभिन्न पसलमा उपभोक्ताले आफ्नो आवश्यकता र आर्थिक क्षमताअनुसार सुनचाँदीका गरगहना, तामा, पित्तल, स्टिलका भाँडाकुँडा तथा अन्य सामग्री खरिद गरेका छन् ।

धनतेरसको अवसरमा सुनचाँदी पसलहरूमा विशेष चहलपहल देखिएको छ । धार्मिक मान्यताअनुसार यस दिन सुनचाँदी तथा धातुका सामग्री खरिद गर्नु शुभ मानिने भएकाले उपभोक्ताको आकर्षण यस्ता सामग्रीतर्फ बढी देखिएको छ । त्यस्तै, घरायसी प्रयोजनका लागि भाँडाकुँडा खरिद गर्ने ग्राहकको पनि उल्लेख्य उपस्थिति रहेको छ । भाँडा पसलहरूमा तामा, पित्तल र स्टिलका सामग्री आकर्षक रूपमा सजाएर राखिएको छ ।

धनतेरसलाई धनधान्यकी देवी लक्ष्मी र धनका देवता कुबेरको आराधना गर्ने विशेष दिनका रूपमा लिइन्छ । यस दिन नयाँ भाँडाकुँडा, सुनचाँदीका गहना तथा अन्य धातुका सामग्री खरिद गरी घरमा भित्र्याउँदा लक्ष्मीको स्थायी बास हुने र घरपरिवारमा सुख, शान्ति तथा समृद्धि कायम हुने धार्मिक विश्वास छ । यही मान्यताका कारण प्रत्येक वर्ष धनतेरसका अवसरमा बजारमा किनमेल गर्नेको भीड लाग्ने गर्दछ ।

धार्मिक परम्परा अनुसार धनतेरसका दिन सुन, चाँदी, तामा, पित्तललगायत धातुका भाँडाकुँडा खरिद गर्ने चलन छ । यसका अतिरिक्त खरेटो, सिन्नो धनियाँ, कौडी तथा कमल गट्टा खरिद गरेर घरमा भित्र्याउनु पनि शुभ मानिन्छ । धनतेरसका दिन खरिद गरिएका सामग्री लक्ष्मीपूजाका दिन पूजामा समावेश गर्ने परम्परा रहेको छ ।

मिथिला-मधेश क्षेत्रमा धनतेरस मनाउने आफ्नै मौलिक धार्मिक तथा सांस्कृतिक



> दीपावली, तिहार तथा यमपञ्चकका नामले परिचित यो पर्व नेपालीको दशैँपछिको दोस्रो ठूलो चाड हो । धनतेरससँगै सुरु हुने तिहारमा घर, आँगन तथा व्यापारिक प्रतिष्ठानको सरसफाइ, सजावट र दीप प्रज्वलन गरिन्छ । घरघरमा दीपमालिका गर्दै लक्ष्मीको स्वागत गर्ने परम्परा छ ।

परम्परा छ । मिथिला परम्परामा कार्तिक कृष्णपक्षको त्रयोदशी तिथिका दिन साँझ घरघरमा दीपमालिका गरी धनतेरस मनाइन्छ । नयाँ धातुका भाँडाकुँडा तथा गरगहना खरिद गरी घरमा लक्ष्मी स्थापना गरेर पूजा गर्ने चलन छ । यस दिन खरेटो, धनियाँलगायत सामग्री खरिद गर्ने परम्परा पनि प्रचलित छ ।

मैथिल कर्मकाण्डका ज्ञाता महेशकुमार झाले दिएको जानकारी अनुसार यस वर्ष तिथिको घटबढका कारण तिहार पर्वको अवधि सामान्यभन्दा फरक भएको छ । पञ्चांग अनुसार शुक्रबार बिहान ११ बजेर १० मिनेटपछि त्रयोदशी तिथि शुरु भइ शनिबार बिहान १० बजेर ४७ मिनेटसम्म रहनेछ । सूर्योदयका समयमा द्वादशी तिथि रहे पनि मध्याह्नअघि त्रयोदशी सुरु हुने भएकाले शुक्रबार नै धनतेरस मनाइएको छ ।


मिथिला क्षेत्रमा चाडपर्व, तिथि, नक्षत्र, श्राद्ध तथा शुभकार्यको निर्णय मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चांगका आधारमा गर्ने परम्परा छ । यस वर्ष कागपूजा र धन्वन्तरी जयन्ती भने शनिबार परेको छ । त्यसैगरी आइतबार कुकुर पूजा तथा साँझ लक्ष्मीपूजा गरिने पञ्चांगमा उल्लेख छ ।

यमपञ्चकको पहिलो दिन धनतेरसदेखि नै साँझ घरमा दीप प्रज्वलन गर्ने परम्परा पनि सुरु हुन्छ । यस दिन परिवारका सदस्यको संख्या अनुसार यमदीप दान गरिन्छ । यमराजलाई प्रसन्न बनाउन घरबाहिर दीपदान गर्ने परम्पराले तिहारको धार्मिक महत्वलाई थप विशेष बनाएको छ ।

दीपावली, तिहार तथा यमपञ्चकका नामले परिचित यो पर्व नेपालीको दशैँपछिको दोस्रो ठूलो चाड हो । धनतेरससँगै सुरु हुने तिहारमा घर, आँगन तथा व्यापारिक प्रतिष्ठानको सरसफाइ, सजावट र दीप प्रज्वलन गरिन्छ । घरघरमा दीपमालिका गर्दै लक्ष्मीको स्वागत गर्ने परम्परा छ ।

धनतेरसको अवसरमा जनकपुरधामको बजारमा देखिएको उपभोक्ताको चहलपहलले पर्वको रौनकसमेत बढाएको स्थानीय रोशन यादवले बताए ।

धार्मिक आस्था, परम्परा र पारिवारिक आवश्यकतालाई ध्यानमा राख्दै उपभोक्ताहरू किनमेलमा जुट्दा बजार क्षेत्र तिहारमय बनेको थियो । सुनचाँदीका पसलदेखि भाँडाकुँडा तथा अन्य व्यापारिक प्रतिष्ठानसम्म देखिएको भीडले धनतेरसको उत्साहलाई थप प्रस्ट पारेको थियो ।



जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। बेटी ।।

जगमे बेटीके जीवन आसान न हय,
हर कदमपर परीक्षा देबही परैय हय।
अपना सपनाके पूरा करेके लेल
कतेक मुश्किल पार करहि परैय हय।
बेटी पईढ लिखके कुछ करे चाहइ हय,
अपना जीवन में आगे बढ़े चाहइ हय।
मगर ,समाजके उकटा पैचीके चलते,
अपन प्रतिभाके हरदम नुकाके धरै हय ।।
बेटीके मन में भी दुनियाँके अरमान हय
अपना पहिचान बनाबेके जजबात हय ।
बेटीके लोक कतियाके कयला चलैय हय,
जबकी बेटीएसे बनल दुनियाँ संसार हय ।।
बेटी हर काममे अपन हाथ बढाब चाहै हय
हर रिश्ताके सम्मानके साथ निभबै हय ।
अपना दुःख नुकायोके हरदम अपन हृदयसे
,परिवारके प्रगतिके कामना दिन राईत करै हय ।।
बेटीके जीवन हय तब देखु इ दुनियाँ हय
ओकर सपनाके छिटल आसमानके घर हय ।
बेटी अपना लेल खुद रास्ता बनबैत हय,
जे मनमे बृज रोईपलै हय उहे कके छोरै हय ।



नामः शुशिला सिंह कुशवाहा
भाषाः मगही

।। शुभ धनतेरस ।।

धनतेरस आयो, खुसीको बहार,
घर-आँगन चम्कियो, भयो झिलिमिली संसार।
लक्ष्मी माताको कृपा सधैँ रहिरहोस्,
हरेक घरमा सुख-शान्ति छाइरहोस्।
सुनचाँदी चम्कियो, बजारमा रौनक,
मनमा पलायो खुसीको नौलो चमक।
धनका देवता कुबेरको होस् आशीर्वाद,
जीवनमा नआओस् कहिल्यै दुःख र विवाद।
दीप बालौँ आज, उज्यालो छरौँ,
माया र सद्भावले सम्बन्ध भरौँ।
धन मात्र होइन, मन पनि धनी बनोस्,
हरेक दिन जीवनमा नयाँ खुसी छाओस्।
आँगनमा फूल फुलून्, मुहारमा हाँसो,
सफलताले भरियोस् जीवनको बाटो।
समृद्धि र सौभाग्यले भरियोस् संसार,
सबैलाई मेरो शुभकामना अपार।
धनतेरसको पावन अवसरमा,
लक्ष्मी माताको कृपा रहोस् सबैको घरमा।
सुख, शान्ति, समृद्धि आओस् हजारौँ,
सबैमा हार्दिक शुभकामना – शुभ धनतेरस!



लेखक :बब्लु शर्मा
ज. उ. न. पा.-७

।। मानव भएर मानवता देखाउ ।।

आमा चाड पर्व ले गाउँ घरमा
रौंनक ल्याको छ
हाम्रो घरपरिवार मा सबै खुशी छ होला
मलाई पनि धेरै खुशी लाग्छ
वर्ष दिनको चाड पर्व मा रमाईलो गर्नु पर्छ
तर आमा
कति गरिबको घरमा दुई छाक खान लाई
गाह्रो हुन्छ तिनीहरुलाई पनि दशै तिहार मान्ने
अलि खर्च दिनु होला
धन संपत्ति त कसैले लिएर आको छैन
र कोई लिएर जादैन
त्यही भएर आमा ति गरिबको घरमा पनि
दशै दिपावली छठ जस्ता पर्व मनाउन
हामीहरु सहयोग गर्नु धर्म नै हुन्छ
हामी धर्म गर्नको लागि कति मन्दिर महजिद
चर्च गुम्मा जान्छौ त्यो गरिबको सहियोग
गरे भन्ने हामीलाई कहि जानु पर्दैन
आमा गरिबको घरमा पनि दशै तिहार
आउछ हामीहरुले हेल्प गर्दा
आमा मानव भएर मानवता देखाउ



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश दोहा कतार

।। गजल ।।

अहाँ हमरे सँ हमरा चोरा लिअ ने एकबेर हमरो कनी अजमा लिअ ने
प्रीत लागल अहीं सँ तँ हम की करु अपन घर के पता आब बता दिअ ने
हम कान्हा सन प्रीत निमाहैत एलों अहाँ राधा बनि हमरा देखा दिअ ने
नुका चोरी बहुत खेल केलहुँ अहाँ मन के मंदिर मे हमरा बैसा लिअ ने
कृष्ण के बांसुरी पर भरोसा करु स्नेह सागर मे हमरा डुमा दिअ ने



नाम:-मानिष कुमार महतो
घर :-मिथिला न. पा-३, हरिहरपुर

मधेशको मन पर्ने फलफूल

मधेसको माटोमा फल्छन् फल अनेकौं प्यारा,
आँप, लिची, केरा लाग्छन् सबैभन्दा न्यारा।
गर्मीमा आँप पाक्दा गाउँभरि बास्ना छाउँछ,
कोइलीको मीठो स्वरले मनमा खुसी ल्याउँछ।
लिचीको रातो रङले बगैंचा सजिन्छ,
अमिलो-मिठो स्वादले सबैको मन जितिन्छ।
कटहर, अम्बा, मेवा प्रकृतिका उपहार,
मधेसको पहिचान हुन् यी फलहरू हजार।
जुन माटोमा पसिना बगाई किसानले फलाउँछन्,
त्यही फलको मिठासले मधेसको शान बढाउँछन्।



नाम:- निरज कुमार यादव
ठेगना:- लक्ष्मीनियाँ गा.पा. ३

।। छुवाछुत ।।

छुवाछुतलाई हटाउ हामी
समाजमा राम्रो कृति बनाउँ हामी
जातिमा भेदभाव नसम्झिकन
एकताको समाज बनाउँ हामी।।

भेदभावका कारण धेरै ठाउँमा
छुवाछुत भन्ने कुप्रथा आउने गर्छ
यो कुप्रथाको अन्त गर्न हामी
सबैले आवाज उठाउनुपर्छ।।

जातजातिमा भेद नगरौं
समान अधिकार सबैमा दियो
छुवाछुतलाई अन्त्य गरी
सुन्दर समाज निर्माण गरौं।।



नाम: रचना साह
विधालय: श्री मदन आश्रित आधारभूत विधालय सबैला ०१

।। प्रेम भिक ।।

प्रेमका परिमाण होइन, प्रेमका भिक मागेका थिए
अमिर भएर होइन, फकिर बनेर मागेका थिए।
तिमी ऐति रमाई सकेका थियौं,
तिमी भिक पनि दिन सकेनौं ।।
आज यो पागल प्रेमी, तिम्रो नामका सहारा लिइ
तिम्रो घरकाबाटो सधैंका लागी छोडेर, तिम्रो नामका सहारा लिइ
जाँदै छा।।



लेखक : पुजा कुमारी पंडित
घर : जनकनन्दिनी गाउँपालिका - ४ खजुरी

।। चाडपर्वको रौनक ।।

घरआँगनमा चाडपर्व भित्रिएलगत्तै,
चारैतिर खुसी अनि रौनक बढ्दैछ।
चाडपर्वको आगमनसँगै यो प्रकृति,
हर्षित भई खुसीसाथ पूर्ण खुल्दैछ।
धुम्मिएको आकाश नि अचेल यहाँ,
सेतो बादल र नीलो रङमा खुल्दैछ।
सयपत्री, मखमली र धानका ती बाला,
चाडपर्वको इसारामा लहलह झुल्दैछ।
साथीभाइ मिली पोहोर भैँ,
यसपालि पनि लिङ्गे पिङ हालौंला।
नीलो आकाशमा चङ्गा उडाई,
मनको व्यथा सँगै साटौंला।
इष्टमित्र, पशुपन्छी, लक्ष्मी माता सँगै
पूजिन्छन् दाजुभाइ आस्था राखी यहाँ।
साँझ-बिहान अर्पण गर्दै अर्घ्य चोखो,
सूर्यदेवको पनि महिमा गाइन्छ यहाँ।
सबै साथीसङ्गी भेला भई वर्षदिनमा,
घरआँगनमा देउसीभैलो खेलौंला।
मनाई गच्छेअनुसार चाडपर्व फेरि,
मौलिक संस्कृति यो सदा जोगाऔंला।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा.न.पा-१ धनुषा

।। प्रेम जगतको सार ।।

प्रेम जगतको सार हो।
प्रेममा माया अपार हो।

अरुको लागि भार तर
मेरो लागि संसार हो।

हार र जितको वास्ता छैन यसमा
न यो कुनै खेल न यो व्यापार हो।

प्रेम जगतको सार हो।
प्रेममा माया अपार हो।



नाम: प्रिया झा
ठेगाना: जनकपुरधाम

पहिलो दिनमै 'रामायण'को कमाइ साढे ७७ करोड माथि, 'आदिपुरुष'को रेकर्ड भने तोड्न सकेन

एजेन्सी । रणवीर कपूर स्टारर फिल्म 'रामायण'ले प्रदर्शनको पहिलो दिनमै विश्वभरबाट ७७ करोड ५० लाख भारतीय रुपैयाँ ग्रस कलेक्सन गरेको छ।

सैकनिल्कको प्रारम्भिक आँकडाअनुसार फिल्मले भारतमा मात्रै ६४ करोड ८५ लाख भारुको नेट कमाइ गरेको हो।

यो कमाइसँगै 'रामायण' सन् २०२६ मा सर्वाधिक ओपनिङ गर्ने हिन्दी फिल्ममध्ये दोस्रो स्थानमा पुगेको छ।

यद्यपि, पहिलो दिनको कमाइका हिसाबले फिल्मले प्रभास स्टारर 'आदिपुरुष'को रेकर्ड भने तोड्न सकेन । सन् २०२३ मा प्रदर्शन भएको 'आदिपुरुष'ले पहिलो दिन सबै भाषामा ८६ करोड ७५ लाख भारु ग्रस कमाइ गरेको थियो।

३५ हजारभन्दा बढी शोमा प्रदर्शन, हिन्दी संस्करणको दबदबा

फिल्म देशभर २५ हजार २०० शोमा प्रदर्शन भएको थियो । यसको कमाइमा हिन्दी संस्करणको सबैभन्दा ठूलो योगदान देखिएको छ।

हिन्दी संस्करणले २० हजार ६७८ शोबाट ४७ करोड ५० लाख भारु नेट कलेक्सन गरेको छ।

त्यस्तै, कन्नड संस्करणबाट ७ करोड २५ लाख, तेलुगुबाट ६ करोड, तमिलबाट २ करोड ६० लाख र मलयालमबाट १ करोड ५० लाख भारु कमाइ भएको छ।

विदेशी बजारबाट पनि फिल्मले २० देखि ४० करोड भारुसम्म कमाउने अनुमान गरिएको छ । यो अनुमान पूरा भए फिल्मको विश्वव्यापी कमाइ १०० करोड भारु नाघ्नेछ।

'पठान' र 'एनिमल'लाई उछिन्यो, 'आदिपुरुष'भन्दा पछि

पहिलो दिनको कमाइका आधारमा 'रामायण'ले शाहरुख खानको ' पठान' र रणवीर कपूरकै फिल्म 'एनिमल'को ओपनिङ कलेक्सनलाई पछाडि पारेको छ।

तर, सन् २०२६ कै सबैभन्दा ठूलो ओपनिङ गर्ने फिल्म 'धुरन्धर : द रिभेन्ज'को रेकर्ड भने तोड्न सकेन । उक्त फिल्मले पहिलो दिन १०२ करोड ५५ लाख भारु नेट कमाइ गरेको थियो।

महागो टिकट र चाडपर्वको तयारीले प्रभावित भयो कमाइ ?

पहिलो दिनको कमाइ अपेक्षाभन्दा केही कम हुनुमा विभिन्न कारण रहेको व्यापार विश्लेषकहरूको भनाइ छ। बिहीबार प्रदर्शनमा आएको फिल्म हेर्न दीपावलीको तयारी र यात्राका कारण धेरै परिवार पहिलो दिन नै हलसम्म पुग्न सकेनन्।

त्यसैगरी, महँगो टिकट मूल्य, प्रचारप्रसारको सीमितता र यसअघि 'आदिपुरुष'ले दर्शकमा पारेको नकारात्मक प्रभावले पनि केही दर्शकलाई फिल्मप्रति सुरुवातमै सतर्क बनाएको विश्लेषण गरिएको छ।


रणवीर र यशको अभिनयको चर्चा, दृश्य प्रभावको प्रशंसा

फिल्म प्रदर्शनमा आएसँगै यसको दृश्य प्रभाव (भीएफएक्स) र कलाकारको अभिनयबारे दर्शक तथा समीक्षकबाट मिश्रित प्रतिक्रिया आइरहेको छ। विशेषगरी भगवान् रामको भूमिकामा रणवीर कपूर र रावणको भूमिकामा देखिएका यशको अभिनयले चर्चा पाएको छ।

फिल्ममा साई पल्लवी सीताको भूमिकामा र रवि दुबे लक्ष्मणको भूमिकामा देखिएका छन् । पौराणिक कथालाई ठूलो पर्दामा प्रस्तुत गरिएको यसको दृश्य प्रभावलाई पनि दर्शकले प्रशंसा गरेका छन्।

'रामायण'लाई भारतीय चलचित्र इतिहासकै महँगो परियोजनामध्ये एक मानिएको छ। विभिन्न सञ्चारमाध्यमका रिपोर्टअनुसार फिल्मका दुवै भागको कुल बजेट करिब ४ हजार करोड भारु रहेको छ।

ठूलो बजेट, चर्चित कलाकार र पौराणिक कथामा आधारित भएकाले प्रदर्शनअघि नै फिल्मप्रति दर्शकको उत्सुकता उच्च थियो। अब पहिलो दिनको कमाइपछि फिल्मले आगामी दिनमा कस्तो व्यापार गर्छ भन्ने चासो बढेको छ।



ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : खाइरहेको सुविधा नै कटौती हुने जोखिम छ।
वृष : शिक्षामा प्रगति हुनेछ।
मिथुन : साथीभाइसंगको भेटले मनमा खुशी मिल्ने छ।
कर्कट : शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।
सिंह : धार्मिक कार्यमा सहभागी भएमा दिन सहजै बित्नेछ।
कन्या : शिक्षा र स्वास्थ्यमा सुधार हुनेछ।
तुला : सामाजिक क्षेत्रमा तपाईको प्रशंसा हुनेछ।
वृश्चिक : समाजमा तपाईको नामको चर्चा हुनेछ।
धनु : शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ।
मकर : ठुलो लगानी गर्ने भए हिम्मत गर्ने समय आएको छ।
कुम्भ: आज जोगिएर काम गर्नुपर्ने दिन छ। शत्रु बढ्ने भएकाले सचेत हुनुहोला।
मीन: धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

रास्वपा नेता-कार्यकर्तालाई उच्च राजनीतिक चरित्र देखाउन सभापति लामिछानेको निर्देशन

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीका नेता तथा कार्यकर्तालाई जनताको अपेक्षाअनुसार उच्च राजनीतिक चरित्र प्रदर्शन गर्न निर्देशन दिनुभएको छ ।

रास्वपा चितवनले आज यहाँ आयोजना गरेको विशेष सम्बोधन कार्यक्रममा उहाँले पार्टी सरकारको नेतृत्वमा पुगेपछि नेता तथा कार्यकर्ताको व्यवहार र गतिविधि थप जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

पार्टीकानेतातथाकार्यकर्ताको व्यवहार र गतिविधिलाई समाजले मूल्याङ्कन गर्ने उल्लेख गर्दै उहाँले आलोचना गर्ने समाजमाथि आक्रामक हुनु राजनीतिक चरित्र नभएको बताउनुभयो । समाजले देखाएको कमजोरी स्वीकार गरेर सुधार गर्नुपर्ने उहाँको भनाइ थियो ।

"ऐनाले आफ्नो अनुहार देखाएपछि ऐना देखाउनेतिर झम्टिने त्यो राजनीतिक चरित्र होइन", उहाँले भन्नुभयो । जनताले पार्टीलाई १८२ सिटसहित सरकारकोनेतृत्वगर्नेअवसरदिएको उल्लेख गर्दै सभापति लामिछानेले



त्यसलाई अहङ्कारको विषय बनाउन नहुने बताउनुभयो । पार्टीभित्र माथिदेखि तलसम्म देखिएका कमजोरी सुधार्न निर्देशन दिँदै उहाँले बदला लिने भावनाले काम नगर्न पनि आग्रह गर्नुभयो ।

"हामी रास्वपाका हौं भन्दै प्रशासन र प्रहरीलाई राजनीतिक दबाब दिने काम गर्‍यौं भने त्यो चरित्रले हामीलाई धेरै पर लैजाँदैन", उहाँले भन्नुभयो, "हामीले भुइँ टेक्नुपर्छ, भुइँ छोड्नुहुँदैन ।"

जनताले दिएको अभिमतलाई उनीहरूकै अपमान हुने गरी प्रयोग नगर्न चेतावनी दिँदै उहाँले पार्टी ठूलो भएको भन्दै प्रहरी, प्रमुख जिल्ला अधिकारीलगायत राज्यका निकाय आफूहरूको नियन्त्रणमा रहेको ठान्ने अहङ्कार त्यागुपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र एकता कायम राख्न पनि आग्रह गर्नुभयो ।

"हामी यही माटोका मान्छे हौं । एक चुनाव जित्दैमा हामी विशेष प्राणी बनेका छैनौं", उहाँले भन्नुभयो । पार्टीभित्र मतभेद र अन्तरसङ्घर्ष नरहेको दाबी गर्दै सभापति लामिछानेले सरकारले जनअपेक्षाअनुसार काम गरोस् भन्ने उद्देश्यले पार्टीले सुझाव दिने गरेको बताउनुभयो । सरकारका कामकारबाहीमा सुधारका लागि सुझाव दिनुलाई विवादका रूपमा लिन नहुने उहाँको भनाइ थियो । पार्टीले सरकारको काममा बाधा अवरोध नगर्ने स्पष्ट पार्दै उहाँले लोकतन्त्रका स्तम्भ कमजोर पार्ने गतिविधिमा सरकार संलग्न नहुने बताउनुभयो ।

सभापति लामिछानेले अदालत, प्रहरी, प्रेसलगायत सार्वजनिक संस्थाका विषयमा अनावश्यक टिप्पणी नगर्न पनि आग्रह गर्नुभयो । सार्वजनिक संस्थालाई कमजोर बनाउँदा देश र लोकतन्त्र दुवै कमजोर हुने उहाँको भनाइ थियो ।

"अदालत, प्रहरी, प्रेसलगायत भएभरका संस्था कमजोर भए देश कमजोर हुन्छ, लोकतन्त्र रहन सक्दैन", उहाँले भन्नुभयो । सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण आवश्यक रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि विधिको शासनअनुसार अनुसन्धान र कारबाही हुनुपर्नेमा जोड दिनुभयो । भ्रष्टाचार नियन्त्रणको विषय विगतमा रास्वपाले नै जोडदार रूपमा उठाएको स्मरण गराउँदै उहाँले अनुसन्धान नगरी कसैलाई दोषी ठहर गर्ने र पत्राउ गर्ने प्रवृत्ति उचित नहुने बताउनुभयो । रासस

नेपालको पर्यटन प्रवर्द्धनमा टिकटक प्रभावकारी माध्यम बन्ने सञ्चारमन्त्रीको विश्वास

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले टिकटकका माध्यमबाट नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपाल पर्यटन बोर्ड र टिकटकको सहकार्यमा आजदेखि सुरु भएको नेपाल भ्रमण कार्यक्रमको शुभारम्भ गर्दै उहाँले टिकटकमा प्रस्तुत गरिने छोटा भिडियोले विश्वभरका पर्यटकलाई नेपाल भ्रमणका लागि प्रोत्साहित गर्ने बताउनुभयो । यस अभियानले प्रविधि हस्तान्तरणमा समेत सहयोग पुग्ने उहाँको भनाइ थियो ।

मन्त्री तिमिल्सिनाले नेपालका हिमालय, पदमार्ग, जीवित संस्कृति, चाडपर्व, लुम्बिनी तथा काठमाडौं उपत्यकाको सांस्कृतिक र आध्यात्मिक पर्यटन प्रवर्द्धनमा टिकटक उपयोगी हुने बताउनुभयो । त्यसैगरी, वन्यजन्तु, जैविक विविधता र विभिन्न जातीय संस्कृतिलाई विश्वमाझ चिनाउन पनि टिकटकले योगदान पुऱ्याउने उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा टिकटकका मध्यपूर्व, युरेसिया तथा अफ्रिका क्षेत्रका सरकारी सम्बन्ध तथा सार्वजनिक नीति प्रमुख एमिर गेलेन, नेपाल पर्यटन बोर्डका निर्देशक सुनील शर्मा, टिकटकका सञ्चार निर्देशक किरण चापागाईं तथा कन्टेन्ट क्रिएटर करण परियारलगायतले नेपालको प्राकृतिक तथा सांस्कृतिक पर्यटनलाई विश्वभर प्रवर्द्धन गर्न टिकटक उपयोगी हुने बताउनुभयो।

यस अभियानअन्तर्गत टिकटकले युरोप, मध्यपूर्व, दक्षिणपूर्व एसिया र दक्षिण एसियाका नौ जना अन्तरराष्ट्रिय ट्राभल कन्टेन्ट क्रिएटरलाई नेपाल ल्याएको छ । उनीहरू अक्टोबर ३० देखि नोभेम्बर ७ सम्म नेपालमा रहेर विभिन्न पर्यटकीयस्थलको भ्रमण गर्दै आफ्ना अनुभव विश्वभरका दर्शकमाझ साझा गरिरहेका छन् ।



यसबाट अन्तरराष्ट्रिय पर्यटकले नेपालका चर्चित पर्यटकीय गन्तव्यका साथै ओझेलमा परेका सुन्दर स्थानबारे पनि जानकारी पाउने अपेक्षा गरिएको छ ।

पर्यटनसम्बन्धी सामग्रीको पहुँच र दर्शकको सहभागिता बढाउन टिकटकले छुट्टै 'भिजिट नेपाल' ह्यासट्याग पेज पनि सुरु गरेको छ । टिकटकको 'कोल्याब' फिचरमार्फत नेपाल पर्यटन बोर्डले नेपाली सेलिब्रेटी तथा स्थानीय 'कन्टेन्ट क्रिएटर' सँग सहकार्य गरी बढीभन्दा बढी दर्शकमाझ पुग्ने र स्थानीय दृष्टिकोणबाट नेपालको विशेषता प्रस्तुत गर्ने काम गरेको जनाइएको छ ।

अभियानअन्तर्गत लोकप्रिय पर्यटकीय गन्तव्यबाट प्रत्यक्ष प्रसारणसमेत गरिएको छ । यसबाट विश्वभरका मानिसले 'भर्चुअल' रूपमा नेपालको अनुभव लिनुका साथै भविष्यमा भ्रमण गर्न चाहेका स्थानबारे जानकारी पाउन सक्नेछन् । 'ह्यासट्याग भिजिट नेपाल' अभियान सन् २०२६ को अन्त्यसम्म सञ्चालन हुने कार्यक्रममा जानकारी गराइएको थियो । रासस

करेसाबारीको फूलबाट तिहार खर्चको जोहो

महोत्तरी । तिहार पर्वमा महोत्तरीका दिदीबहिनीले आफ्नै करेसाबारीको फूलबाट तिहार खर्चको जोहो गर्दैछन् । खासगरी भाइटीकाका दिन दाजुभाइलाई लगाइने सप्तरङ्गी टीका, माला, भाइमसाला र दिइने उपहार सामग्रीको खर्च यहाँका दिदीबहिनीले आफ्नै करेसाबारीको सयपत्री फूलबाट जोहो गर्दैछन् ।

"यसपालि तिहारका लागि खर्च जुटाउन कतै रकम खोज्नु परेन, आफ्नै करेसाको फूलले राम्रो आम्दानी दियो", बर्दिबास-७ मनहरिपुरकी गृहिणी वीणा खत्री भन्नुहुन्छ, "भाइटीकाका दिन दाजुभाइलाई लगाइने टीका, माला, भाइमसला, मिष्टान्न परिकार र सानोतिनो वस्त्र उपहार पुग्नेगरी रकम पाइयो ।" फूलका व्यापारी घरै आएर सुरुमै भुक्तानी दिएर गएपछि तिहारको खर्चका लागि ढुक्क भएको उहाँको भनाइ छ ।

खत्रीजस्तै भङ्गाहा-४ रामनगरकी शर्मिला पोखरेलले पनि करेसाबारीकै केही बोट फूलबाट राम्रै आय आर्जन गर्न पाइएको बताउनुभयो । "यहीँ हेर्नोस् न, कति होलान र ? त्यही ५०/६० बोट सयपत्रीका होला", करेसाबारीमा ढकमक्क फुलेका सयपत्री फूल देखाउँदै उहाँले भन्नुभयो, "यहाँका १० बोट आफूले राखीकन दुई हजार रुपैयाँ पाइयो ।" तिहारलक्षित फूल लगाउन सके राम्रो आम्दानी हुने बल्ल बुझेको उहाँको भनाइ छ । आउने वर्ष तिहारलक्षित गरेर सयपत्री फूल खेतीकै रुपमा केही बढाइने पोखरेलको योजना छ ।

"अहिलेका बोट त व्यवसायिक उद्देश्यले लगाइएका होइनन्, घरको शोभाका



लागि रोपिएका हुन्", उहाँ भन्नुहुन्छ, "तर यिनै बोटले अबचाहिँ केही खेती बढाउन पर्छ भन्ने चेत खोली दिए ।" उपयुक्त बेला पारेर फुलाउन सके सयपत्रीले राम्रो आम्दानी दिने विश्वास बढेको उहाँको भनाइ छ ।

यस्तै बर्दिबास-३ गौरीडाँडाकी करुणा पाण्डेको करेसाबारीका सयपत्री फूलको व्यापारीले बैना दिएर गएका छन् । आर्जनका दृष्टिले नजोडिएका करेसाबारीका फूलका बोटबाट पर्वको मुखमा पाएको रकमले आँखा खोली दिएको उहाँ बताउनुहुन्छ ।

तिहारका बेला निकै माग बढ्ने भएपनि महोत्तरीमा फूलको व्यवसायिक खेती भने फस्टाउन सकेको छैन । तिहारबाहेक वर्षभरि आयोजना हुने धार्मिक अनुष्ठान र सभासमारोहमा अतिथि स्वागत सत्कारमा माला पहिऱ्याउने बाक्लै चलन छ । यी प्रयोजनमा बाहिरबाट ल्याइने फूलमै आश्रित रहिएको बर्दिबास उद्योग वाणिज्य सङ्घका सचिव रिमनाथ अधिकारी बताउनुहुन्छ ।

जिल्लामा तिहारबाहेकका औपचारिक समारोह, धार्मिक अनुष्ठान, विवाहलगायतका समारोहमा मालाको प्रयोगको संस्कृति नै स्थापित छ । तर यहाँको माटो र हावापानी सयपत्री फूलको खेतीलाई उपयुक्त भए पनि किसानले यसबारे खासै चासो नबढाएका कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालय जलेश्वरका सूचना अधिकारी अविरलकुमार महतोको भनाइ छ ।

"जिल्लामा फूलको व्यवसायिक खेती तथ्याङ्कमा समावेस गरिने गरी खासै छैन", सूचना अधिकारी महतो भन्नुहुन्छ, "किसानले यसबारे चासो बढाए कार्यालयले सुलभ मूल्यमा उन्नत फूलको बीउ र अन्य हेरचाहसम्मको प्राविधिक समन्वय गर्न सकिन्छ ।" यो कम खर्चिलो नगदेखेतीका रुपमा विकास गर्न सकिने उहाँको ठम्याइ छ ।

जिल्लामा बलवा नगरपालिकाका बनौटा, धमौरा, पडौलमा थोरथोरै मात्रामा किसानले आठ/१० वर्षदेखि सयपत्री खेती गर्दै आएका छन् । यसबाहेक भङ्गाहा र गौशाला नगरपालिकाका केही बस्तीमा किसानले एकाध कट्ठामा सयपत्री फूलको खेती गरेका छन् । महोत्तरीमा यो खेती धेरै नभएपनि यहाँका फूल टाढासम्मका व्यापारीको रोजाइमा भने पर्ने गरेको छ ।

बनौटा र पडौलतिर उत्पादित फूल जनकपुरका व्यापारीले बारीबाटै उठाएर लैजाने गरेका पडौल बस्तीका राजकिशोर यादव बताउनुहुन्छ । केहीकेही फूलखेती गर्दै आएका किसानले राम्रो बीउ र प्राविधिक सल्लाहको सहयोग पाउनसके यो खेती बढाउँदै लानसकिने बताएका छन् । यसैगरी घरशोभाका लागि केही बोट लगाउँदै आएका गृहिणीले पनि राम्रो बीउ र समयसमयको प्राविधिक हेरचाह र सल्लाह पाउनसके व्यवसायिक रुपमै फूलखेती गरिने बताएका छन् । रासस

सस्तोमा डलर साट्ने भन्दै लुटपाट गर्ने सुजनलाई गोली प्रहार गरी नियन्त्रण

काठमाण्डु । नेपाल राष्ट्र बैंकले तोकेको दरभन्दा सस्तोमा डलर साटिदिने भन्दै एकान्तमा लगेर लुटपाट गर्ने एक युवकलाई प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको छ ।

राजधानीका विभिन्न स्थानमा डलर देखाइ लुटपाट गर्ने सिन्धुपाल्चोकको बाह्रबीसे नगरपालिका-३ का २८ वर्षीय सुनज तामाङ काठमाडौंको गोकर्णेश्वर नगरपालिका-३ गाम्चाबाट पत्राउ परेका हुन् ।

निजले डलर देखाएर लुटपाट गरिरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले घुँडामुनि गोली प्रहार गरेर नियन्त्रणमा लिएको हो । तामाङले प्रहरीमाथि नै चक्कु प्रहार गरेपछि गोली प्रहार गरी नियन्त्रणमा लिइएको काठमाडौंका प्रहरी प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक दिलीप घिमिरेले जानकारी दिनुभयो ।

नियन्त्रणमा लिन खोज्दा जाइलागेपछि चेतावनीस्वरुप



प्रहरीले पेस्तोलबाट एक राउड हवाई फायर गरेको थियो । त्यति गर्दा पनि नियन्त्रणमा नआएकाले तत्कालको परिस्थितिलाई मूल्याङ्कन गरी आवश्यकताअनुसार घुँडामुनि एक राउण्ड गोली प्रहार गर्नुपरेको प्रहरीले जनाएको छ । निज तामाङ राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

डलर देखाइ ठगी तथा लुटपाटका घटनामा संलग्न भएको अभियोगमा निज तामाङ विगतमा पनि आठ पटक पत्राउ परेका थिए । पछिल्लो समय उनले स्वयम्भू, बूढानीलकण्ठ र साँखु क्षेत्रमा सुन देखाइ रकम लुटपाट गरेको अनुसन्धानबाट खुलेको छ ।

तामाङले विभिन्न स्थानमा रहेका गेष्ट हाउस, रेष्टुरेन्ट, सुन तथा गरगहना पसल, हार्डवयेर, मेडिकल, डेरी, होलसेल पसललगायतको निगरानी गरी ती स्थानको सम्पर्क नम्बर लिएर पूरानो चिनजान भएको भन्दै फोन गर्ने र सञ्चालकलाई विश्वास दिलाएर लुटपाट गर्ने गरेको पाइएको छ ।

त्यस्तै सम्पर्कमा आएका व्यक्तिलाई विश्वास दिलाउन निजको समूहको अर्को व्यक्तिले 'वाक-अशक्त'को भूमिका निर्वाह गर्ने र ठगिने व्यक्तिलाई डलर दिएर पठाउने गरेको, प्रहरीको निगरानीबाट बच्न स्थान परिवर्तन गर्दैआएको तथा सिसिटिभी नभएको क्षेत्रमा लगेर लुटपाट गर्ने गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीले निजको साथबाट ठगीमा प्रयोग गर्ने मोटरसाइकल तथा नक्कली नम्बर प्लेट, डलर ठगीमा प्रयोग गर्ने २० को चार बण्डल नेपाली रुपैयाँ, डलर जस्तै आकारमा काटेर राखेको सेतो कागजको बण्डल र उक्त बण्डलको तल र माथि राखिएको पाँच-पाँचको अमेरिकी डलर, एक किलो नक्कली सुनको ढिक्का बरामद गरेको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

पछिल्लो पटक निजले गत असोज २३ गते गोकर्णेश्वर-१२ स्थित लसुनटारमा दुई जनाको साथबाट रु आठ/आठ लाख गरी १६ लाख लुटपाट गरी फरार भएको पाइएको छ ।

गैरकानूनी डलर सहटी आपराधिक क्रियाकलाप

गैरकानुनी तबरबाट डलरलगायत विदेशी मुद्रा सटही गर्ने कार्य आपराधिक क्रियाकलाप भएको प्रहरी जनाएको छ । त्यस्तो कार्यमा संलग्न जो सुकै पनि कानुनको भागिदार हुने भन्दै प्रहरीले कम दरमा डलर साटिदिने भन्ने प्रलोभनमा नपर्न आम नागरिकमा आग्रह गरेको छ । रासस

एसिया कप क्रिकेट: नेपाल भारतसँग पराजित



काठमाण्डु । एसीसी उन्नाइस वर्षमुनिको एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल भारतसँग पराजित भएको छ । ओमानको अल अमेरात क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको हो ।

जितका लागि नेपालले दिएको १२९ रनको लक्ष्य पच्छाएको भारतले कुनै विकेट नगुमाई १९ दशमलव एक ओभरमा लक्ष्य पूरा गऱ्यो । भारतको जितमा आर्यभिर सेवाडले सर्वाधिक ७० रनको योगदान दिए । उनले ५२ बलमा सात चौका र चार छक्काको सहयोगमा अविजित ७० रनको योगदान दिएका हुन् । त्यसैगरी लक्ष्य रैचदनीले ६३ बलमा सात चौकाको सहयोगमा अविजित ५३ रनको योगदान दिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४२ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर १२८ रनको योगफल बनाएको थियो ।

नेपालका लागि दर्श सोनारले सर्वाधिक ४३ रन बनाए । उनले ९३ बलमा १ चौका र १ छक्का प्रहार गरे । त्यस्तै आशिष लुहारले ४५ बलमा २९ रन जोड्दा नीरजकुमार यादवले ४८ बलमा २० रन बनाए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बलिङतर्फ भारतका इशान सूदले १० ओभरमा १८ रन खर्चेर तीन विकेट लिए । त्यस्तै अर्जुन राजपुतले पाँच दशमलव तीन ओभरमा आठ रन दिँदै तीन विकेट हात पारे । शवीर गौडले दुई विकेट लिए भने मनाल चौहान र काव्या परेश पटेलले समान एक/एक विकेट लिए ।

उक्त प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ । अब नेपालले यही कात्तिक २२ गते युनाइटेड अरब इमिरेट्स (युएई) सँग खेल्नेछ । रासस

महोत्तरीका बालकृष्णलाई चार लाखभन्दा बढी नगद फिर्ता

टुडे समाचारदाता

जनकपुरधाम । टीभीएस कम्पनीको आकर्षक 'गोल्डेन की योजना'अन्तर्गतमहोत्तरीकाबालकृष्ण झाले शतप्रतिशत नगद फिर्ता प्राप्त गरेका छन् । जनकपुरधाममा शुक्रबार आर्यन अटोमोबाइल्सबाट टीभीएस अपाचे आरटीआर १६० फोरभी यूएसडी मोटरसाइकल खरिद गरेका सेवाग्राही झाले मोटरसाइकलको सम्पूर्ण खरिद मूल्य बराबरको ४ लाख २९ हजार ९०० रुपैयाँ नगद फिर्ता प्राप्त गरेका छन् ।

टीभीएस कम्पनीले ग्राहकलाई आकर्षित गर्ने उद्देश्यले सञ्चालन गरेको 'गोल्डेन की योजना' अन्तर्गत बालकृष्ण झा शतप्रतिशत नगद फिर्ता प्राप्त गर्ने भाग्यमानी विजेता बनेका छन् । उनले खरिद गरेको मोटरसाइकलको मूल्य बराबरकै रकम फिर्ता पाएपछि यो योजना थप चर्चामा आएको छ ।

जनकपुरधामस्थित आर्यन अटोमोबाइल्सबाट मोटरसाइकल खरिद गरेका झाका लागि यो उपलब्धि निकै खुसीको विषय



बनेको छ । मोटरसाइकल खरिद गर्दा नै सम्पूर्ण रकम फिर्ता पाउने अवसरले ग्राहकहरूमा टीभीएसको यस योजनाप्रति आकर्षण बढाउने अपेक्षा गरिएको छ ।

'गोल्डेन की योजना' ग्राहकका लागि मोटरसाइकल खरिदसँगै आकर्षक पुरस्कार जित्ने अवसरका रूपमा प्रस्तुत गरिएको छ । यस योजनाअन्तर्गत बालकृष्ण झाले प्राप्त गरेको शतप्रतिशत नगद फिर्ताले अन्य ग्राहकलाई पनि यस्ता योजनामा सहभागी हुन प्रोत्साहित गरे ।

भूमिसुधार तथा भूमि प्रशासन कार्यालय जनकपुरधाम धनुषा

हकभोग तथा हकदार सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा नगराईन-४ हाल नगराइन नगरपालिका वडा नं २ मा बस्ने ठकनको छोरा खदरा माझीको आफ्नो कालगतीले मृत्यु भै निजको हकखाने पत्नी पनि आफ्नो कालगतीले मृत्यु भै हकखाने हकदार निज दम्पत्तिबाट छोरा छोरीको जाय जन्म नभई निजको नाम दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको हकभोग खाने सबभन्दा नजिकको हकदार भाई पट्टीको नाती म बिर बहादुर सदाको नाममा एकलौटी नामसारी गरी पाउँ भनि द.नं.३००१३/०८३/३/३० गतेको माँग निवेदन र सोही व्यहोरा अनुसारको नगराईन नगरपालिका वडा नं.२ को वडा कार्यालयको च.नं.९२२२ मिति २०८३/०३/०२ गतेको किटानी सिफारिस पत्र र वडा मुचुल्का समेत भै आएको।

यसमा जग्गाधनी खदरा माझीको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको हकखाने हकदार यि निवेदक बाहेक अन्य कोही रहे भएको भए यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएपछि कानून बमोजिमू भई जाने व्यहोरा सबैमा यसै सुचना द्वारा सुचित गरिएको छ।

तपसिल

जिल्ला	गा.पा /न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	जग्गा धनी
धनुषा	नगराईन	२क	१०	०-०-२-०	खदरा माझी

मधेशका ६१ पालिकामा भूमिहीनको निवेदन शून्य

टुडे साचारदाता

जनकपुरधाम । मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये ६१ वटा पालिकामा भूमिहीनले जग्गा प्राप्तिका लागि कुनै पनि निवेदन नदिएको पाइएको छ। प्रदेशमा दलित समुदायको ठूलो जनसंख्या भूमिहीन रहे पनि जग्गा प्राप्तिको प्रक्रियामा न्यून सहभागिता देखिएपछि सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

जनकपुरधाममा शुक्रबार दलित सरोकार मञ्च, सप्तरीले पुरक एसियाको सहयोगमा आयोजना गरेको प्रदेशस्तरीय भूमि संवादमा अध्येता रघुनाथ लामिछानेले प्रस्तुत गरेको तथ्यांक अनुसार मधेश प्रदेशका दलितमध्ये ४४ प्रतिशत भूमिहीन छन् । करिब १३ लाख मधेशी दलितमध्ये आधा जति भूमिहीन रहेको संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को तथ्यांक उद्धृत गर्दै उनले बताए । तर, प्रदेशभरि जग्गा प्राप्तिका लागि १६ हजार ६६७ जना दलितले मात्र फाराम भरेका छन् ।

भूमिहीनको ठूलो संख्या जग्गा प्राप्तिको प्रक्रियामा सहभागी नहुनुको कारण खोजी गरी उनीहरूलाई न्यायको पहुँचमा ल्याउनुपर्ने लामिछानेले बताए । सुकुमबासीको परिभाषा परिमार्जन, सूचना प्रवाहको दायरा विस्तार तथा जग्गा प्राप्तिको प्रक्रियालाई सहज र सरल बनाउनुपर्नेमा उनले जोड दिए । एक जना पनि भूमिहीन जग्गा प्राप्तिबाट वञ्चित रहेसम्म भूमिहीनताको समस्या समाधान नहुने उनको भनाइ थियो ।



सो कार्यक्रममा मधेश प्रदेशका सभामुख रामाशीष यादवले भूमि जस्तो महत्वपूर्ण विषयमा संवाद हुनु सकारात्मक भएको बताए। नागरिकले आफूले निर्वाचित गरेका जनप्रतिनिधिलाई जवाफदेही बनाउनुपर्ने र अधिकार प्राप्तिका लागि स्वयं पनि सक्रिय हुनुपर्ने उनले उल्लेख गरे ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. विजय मिश्रले भूमिहीनलाई आवासको व्यवस्था गर्नु मानव अधिकारसँग जोडिएको विषय भएको बताए। भूमिहीनको उपयुक्त आवासको अधिकार सुनिश्चित गर्न विद्यमान अवरोध हटाउनुपर्ने उनको भनाइ थियो ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका महासचिव फौदसिंह स्याङ्बाले स्थानीय तहले इच्छाशक्ति देखाए भूमिहीनका धेरै समस्या समाधान गर्न सक्ने बताए । जसपा नेता चन्द्रेश्वर पासवानले भूमिहीनलाई जग्गा उपलब्ध गराउने विषय सबैको प्राथमिकतामा पर्नुपर्ने धारणा राखे ।

दलित विकास समिति मधेश प्रदेशका उपाध्यक्ष जितेन्द्र पासवानले नागरिकता नभएकै कारण दलित समुदाय भूमि प्राप्तिको संवैधानिक अधिकारबाट वञ्चित हुन नहुने बताए । पूर्वमन्त्री शारदा थापाले पहिचान, आवास र रोजगारी सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै बिचौलियाको प्रभाव पनि भूमिहीनको समस्या समाधानमा बाधक बनेको बताइन् ।

सो कार्यक्रमका आयोजक दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानले ६१ पालिकामा एक जनाले पनि जग्गा प्राप्तिका लागि फाराम नभर्नु गम्भीर विषय भएको बताए । समयमै समस्या पहिचान गरी पहल नगरे विशेषगरी दलित समुदायका ठूलो संख्याका नागरिक न्यायबाट वञ्चित हुने उनको भनाइ थियो ।

पाँच जनाविरुद्ध मुद्दा दायर

टुडे समाचारदाता

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको आरोपमा ओखलढुंगाको लिखु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरूसहित पाँच जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरू ओमबहादुर दर्जी र अभयकुमार गुप्ता, निमित्त प्रमुख प्रशासकीय अधिकृत दीनानाथ चौधरी, लिखु गाउँपालिकाको ९ नम्बर वडाका वडाध्यक्ष शुकवीर तामाङ र पालिकाको एमआइएस अपरेटर खिला विकविरुद्ध मुद्दा दायर गरेको छ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दर्जीविरुद्ध नौ लाख ५३ हजार ६०० रुपैयाँ, गुप्ताविरुद्ध ११ लाख ६७ हजार २०० रुपैयाँ, चौधरीविरुद्ध सात लाख ९४ हजार ४०० रुपैयाँ, वडाध्यक्ष तामाङ र जिआइएस अपरेटर विकविरुद्ध जनही ३१ लाख ६७ हजार २०० रुपैयाँ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कैद सजायसमेत माग गरेको छ।

उनीहरुसंग विभिन्न आर्थिक वर्षमा मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी भत्ता वितरण गरेको देखाइ रु ३१ लाख ६७ हजार २०० हिनामिना गरेको पुष्टि भएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।।

एनपिएल : कर्णालीमाथि सुदूरपश्चिमको जित

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सले कर्णाली याक्सलाई ३९ रनले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा सुदूरपश्चिमले दिएको १७७ रनको लक्ष्य पछ्याएको कर्णाली निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १३७ रनमा समेटियो।

कर्णालीका लागि डेभिड मिलरले सर्वाधिक ९३ रन बनाए। उनले ५५ बलमा पाँच चौका र सात छक्काको मद्दतमा अविजित ९३ रन जोडे पनि टोलीलाई जिताउन सकेनन् । अन्य ब्याटरले राम्रो प्रदर्शन गर्न नसक्दा कर्णाली पराजित हुन पुग्यो ।

त्यस्तै, कर्णालीका दीपक डुम्रेले १२ बलमा तीन चौका र एक छक्कासहित १८ रन बनाए। उनका अतिरिक्त अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ सुदूरपश्चिमका स्कट कुग्गेलेइनले दुई विकेट लिए। हेमन्त धामी, अनिल खरेल, दीपेन्द्रसिंह ऐरी र अविनाश बोहोराले समान एक-एक विकेट हात पारे।



त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १७६ रन बनाएको थियो।

सुदूरपश्चिमका लागि सैफ जैबले सर्वाधिक ३५ रन बनाए। उनले २४ बलमा चार चौका र एक छक्का प्रहार गरे । त्यस्तै, विनोद भण्डारीले २२ बलमा २७ तथा ब्रान्डन म्याकमुलेनले १६ बलमा २४ रन बनाए।

इशान पाण्डेले २३ रन बनाउँदा थारिन्दु रत्नायकेले अविजित २२ र स्कट कुग्गेलेइनले अविजित १३ रनको योगदान दिए।

बलिङतर्फ कर्णाली याक्सका मार्क वाटले चार ओभरमा २७ रन खर्चेर दुई विकेट लिए । नन्दन यादव, सूर्य तामाङ र हुसेन तलातले समान एक-एक विकेट लिए। यस जितसँगै सुदूरपश्चिमले पाँच खेलबाट छ अंक जोडेको छ । यसअघि पहिलो खेलमा लुम्बिनी लायन्ससँग सात विकेटले पराजित भएको सुदूरपश्चिमले दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई छ विकेटले हराएको थियो । तेस्रो खेलमा विराटनगरसँग ३५ रनले पराजित भएको सुदूरपश्चिमले चौथो खेलमा चितवन राइनोजलाई पाँच विकेटले हराएको थियो।

यता, पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रनले पराजित गरेको कर्णालीले दोस्रो खेलमा विराटनगर किङ्ग्सलाई चार विकेटले हराएको थियो। तेस्रो खेलमा भने कर्णाली काठमाण्डु गोर्खाजसँग चार विकेटले पराजित भएको थियो । यससँगै कर्णालीले चार अङ्क जोडेको छ।

इतिहासको पानाबाट

जनकपुरमा पोखिएको थियो- दरभंगा महाराजको रगत

ठ्लग :



श्यामसुन्दर शशि

सन् १८१६ को सुगौली सन्धि पश्चात् उत्तरी मिथिला र दक्षिणी मिथिला गरी मिथिला दुई भागमा विभाजित भएको थियो । सन् १३२४ वा १३२५ मा दिल्ली सम्राट गियासुद्दीन तुगलकको सेना सिम्रौनगढमाथि विजय प्राप्त गरेपछि तिरहुत राज्यपतन भएको थियो । सिम्रौनगढस्थित कर्णाटवंशी शासन अन्त्य भएको ३० वर्षपछि सन् १३५३ मा दक्षिणी मिथिलामा ओइनिवारवंशको शासन स्थापना भएको थियो भने ओइनिवारवंशीहरुको शासन सत्ता समाप्त भएको अर्को ३० वर्ष पछि खण्डवला कुलको शासन शुरु भएको थियो । सन् १५५६ मा दिल्लीका सम्राट अकबरले खण्डवाल कुलका विद्वान महामहोपाध्याय महेश ठाकुरलाई मिथिला राज्य संचालन गर्ने जिम्मेवारी दिएका थिए । खण्डवला कुलका नरेशहरुलाई हामी दरभंगा महराजको नामले पनि चिन्दछौं । अचम्म त के पनि छ भने महामहोपाध्याय महेश ठाकुर युद्ध जितेर वा कुनै राजा-महाराजासंग छल गरेर दरभंगा महराज बनेका थिएनन् । आफ्नो काव्यप्रतिभा प्रदर्शन गरेर राजा बनेका थिए ।

म.म. महेश ठाकुरसंग सम्बन्धित अर्को कथा अझ चाखलाग्दो छ । राजा भएर मिथिला फर्केपछि, यहाँका सामन्तहरु उहाँको घनघोर विरोध गरेका थिए । पण्डित कर्ममा लागेका महेश ठाकुरलाई सामन्तहरुले विरोध गरेको मन परेन । उनी दिल्ली गएर, अकबरद्वारा प्रदान गरिएको सनद (राजा बनाएको ताम्रपत्र) फिर्ता गरी पुनः अध्ययन अध्यापनमा तल्लीन हुनु भयो । इतिहासकार डा.वासुदेव लालदासका अनुसार- एक पटक दिल्ली सम्राट अकबर सर्वधर्म सम्मेलन आयोजन गरेका थिए । जसमा सबै धर्मका जानकारहरुलाई निम्तो दिइएको थियो । सम्मेलनमा महेश ठाकुरका शिष्य रघुनन्दन झा पनि सहभागी थिए । रघुनन्दन झाको प्रतिभा देखेर सम्राट अकबर प्रसन्न हुनु भयो । रघुनन्दन झालाई पण्डित राय अर्थात पण्डित राजको उपाधिसहित मिथिला (तिरहुत) सरकारको जमिन्दारी पनि प्रदान गर्नु भयो । तर रघुनन्दन झा उक्त उपाधि स्वयं धारण नगरी अफ्ना गुरु महेश ठाकुरलाई 'गुरुदक्षिणा' को रुपमा फिर्ता गर्नु भयो । त्यसपछि महेश ठाकुर आफ्ना शीष्य रघुनन्दन झासंग मिलेर मिथिलाको शासन चलाउन थाल्नु भयो । मिथिलामा पुनः खण्डवला कुलको शासन स्थापना भयो । सन् १५५६ देखि शुरु भएको खण्डवाला कुलको शासन सन् १९४७ मा भारतमा जमिन्दारी प्रथा उन्मुलन भएसँगै समाप्त भएको थियो ।

यता उत्तरी मिथिलामा मकवानपुरे सेनवंशी राजाहरुको शासनसत्ता थियो । जनकपुरसहित उत्तरी मिथिला मकवानपुर राज्यको मातहातमा थियो । खण्डवाला कुलको शासन स्थापना पश्चात् त्यहाँका शासकहरुको ध्यान मकवानपुरको स्वामित्वमा रहेको जनकपुरसहितको मैथिली भाषी क्षेत्रतर्फ गयो । किनकी उत्तरी र दक्षिणी मिथिलाको भाषा, साहित्य, कला, संस्कृति एक समान थियो । दुबैतर्फ विहे-वारीको परम्परा पनि थियो । अतः खण्डवाला कूलका शासकहरुको जनकपुर मोह स्वाभाविक थियो । यसै क्रममा खण्डवाला कुलका आठौं नरेश नरपति ठाकुर (सन् १६९०-१७०१) मकवानपुरको स्वामित्वमा रहेको मिथिला भू-भाग आफ्नो अधिनमा लिन दिल्लीका मुगल शासकसंग सहयोग मागेका थिए । मुगलको सहयोगमा मकवानपुर राज्यमाथि आक्रमण पनि गरिएको थियो । युद्धको क्रममा मकवानबुरका राजा शुभसेनलाई नियन्त्रणमा लिएर दरभंगा फौजदार समक्ष प्रस्तुत गरिएको थियो । अन्ततः मकवानपुरका राजाले वार्षिक १२ सय रुपियाँ कर र नजरानाको रुपमा हात्ती दिने सहमति भएको थियो । समझौतापश्चात् शुभसेनलाई मुक्त गरिएको थियो ।

(स्रोतः दास, बासुदेवलालःमकवानपुरको ऐतिहासिक रुपरेखा, पृष्ठ- १३४)

विभिन्न स्रोत ग्रन्थहरुबाट प्राप्त जानकारी अनुसार, खण्डवाला राजवंश र मकवानपुरका सेन राजवंशबीचको सम्बन्ध शत्रुतापूर्ण थियो । दुबै राज्यबीच सीमा विवाद त छदै थियो, मकवानपुरले बिद्रोही बञ्जारा (केही इतिहासकारहरुले सन्यासी भनेका छन् ।) लाई शरण दिएको विषयमा तनाव झन बढेको थियो ।

मेरो व्यक्तिगत विचारमा बञ्जारा र सन्यासी दुबै एउटै विद्रोही समूह हो । सन्यासी विद्रोहीहरु भारतीय स्वतन्त्रता संग्रामका समर्थक थिए। त्यसैले अंग्रेजसंगै मुसलमान र खण्डवाला कूलका शासकहरुलाई शत्रु मान्दथे । तत्कालीन इतिहास र साहित्यमा सन्यासी बिद्रोहीको चर्चा छ । बंगलाका सुप्रसिद्ध उपन्यासकार तथा भारतको राष्ट्रिय गीत 'बंदे मातरम्' का रचयिता बंकिमचन्द्र चट्टोपाध्यायको बहुचर्चित उपन्यास 'आनन्द मठ' यसै कथामाथि आधारित छ । सन्यासी समूहलाई ब्रिटिस शासक लुटेरा र बदमाश घोषित गरेका थिए । तर वास्तवमा उनीहरु सन्यासीको भेषमा स्थानीय किसानहरु थिए, जो ब्रिटिस सरकारको लगान नीति र आफ्नो जग्गा खोसेको कारण पीडित र आक्रोशित थिए । पछि आफ्नो अधिकार प्राप्तिका लागि उनीहरु बिद्रोही भएका थिए । यस समूहको मुख्य निशाना अंग्रेज समर्थक राजा रजौटा, भूपति र सरकारी अधिकारीहरु हुन्थे । सन्यासी बिद्रोहीहरुलाई दबाउन दक्षिणी मिथिलाका अंग्रेज परस्त खण्डबाला कुलका राजा, अंग्रेज शासक तथा उत्तरका पृथ्वीनारायण शाहबीच तिकडी बनेको थियो । सन्यासी बिद्रोहीलाई दण्ड दिनका लागि सन् १७७३ मा अभिमानसिंह बस्नेतको कमाण्डमा पृथ्वीनारायण शाहले फौज पठाएका थिए । अंग्रेजको व्यापारिक कोठी लुट्न गएका सन्यासी दललाई अभिमान सिंह नेतृत्वको फौज महोत्तरीमा संहार गरेको उल्लेख बि.डी. जोशी आफ्नो आलेखमा गर्नु भएको छ । बीडी जोशीका अनुसार- ३० अक्टोबर, सन् १७७३ मा पटनाका अंग्रेज हाकिम जर्ज भेन्सिटार्ट पृथ्वीनारायणलाई पत्र लेखेर सन्यासी बिद्रोह साम्य पार्न सहयोग मागेका थिए । पृथ्वीनारायण शाह सन् १७७४, जनवरी १४ मा बंगालका गभर्नर वारेन ह्यास्टिङलाई पत्र पठाएका थिए । जसमा भेन्सिटार्टको अनुरोधमा अंग्रेजी कारखाना लुट्न आइरहेका सन्यासीहरुलाई कडा दण्ड दिएको उल्लेख छ। साथै ब्रिटिस सरकार बुद्धिकर्ण रायलाई समातेर विजयपुर कब्जा गर्न सहयोग गरेमा सन्यासी बिद्रोहीहरुलाई बंगाल प्रवेश गर्न नदिइने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

(स्रोतःवीडी जोशीः 'चेतलुङ'अनलाईन .सम्पादक युग पाठक१ माघ २०७८, https://www.chetlung.com/history/58858-1642241240. html)



सीमा तथा सन्यासी बिद्रोहीलाई संरक्षण दिएको कारण खण्डवला कुलका राजा र सेन राजाबीच शत्रुतापूर्ण सम्बन्ध रहेकै बेला खण्डवाला कुलका दशौं महाराज विष्णुसिंह (सन् १७३९-१७४३) राज्यारोहनको चार वर्षपछि (सन् १७४३) मा रामनवमी मेलामा सहभागी हुन्, स-परिवार जनकपुर आएका थिए । विष्णुसिंहको सुरक्षार्थ सेनाको एक टुकडी पनि थियो । त्यतिबेला मकवानपुरका राजा थिए- हेमकर्ण सेन (सन् १७३०-१७५९) । विष्णुसिंह जनकपुर आएपछि दुबै राजाका सेनाबीच विवाद भयो । विवाद सशस्त्र संघर्षको रुप लिएको थियो । सन् १७४३ फसली सन् ११५० साल चैत महिनाको शुक्ल नवमी तिथि अर्थात रामनवमीको दिन दुबै देशका सेनाबीच भएको संघर्षमा विष्णुसिंह वीरगति प्राप्त गरेका थिए । मकवानपुरका सेना उनलाई जनकपुरमै हत्या गरेको थियो । राजाकी विधवा रानीहरु सेनासहित दरभंगा फिर्ता जानेबेला बाटोमा पनि दुबै सेनाबीच संघर्ष भएको इतिहासकार हरुले उल्लेख गरेका छन् । भनिन्छ, दरभंगा महाराज विष्णुसिंह मारिए यता खण्डवाला कुलका कुनै पनि सदस्य जानकी मन्दिर दर्शन गर्न आउँदैनन् । यद्यपि जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव दरभंगा महाराजको वंशजहरु पछिल्ला केही वर्षदेखि जानकी दर्शन गर्न आउन थालेका बताउँछन् ।

पञ्चधुरा मन्दिरमा एक दशकपछि जरुवा

महोत्तरी । एक दशकपछि पञ्चधुरा मन्दिर परिसरमै जरुवा पलाएको छ । जरुवा भनेको जमिनमुनिबाट आफैं उम्रेर वा नस्किएर बग्ने प्राकृतिक पानीको स्रोत (मूल) हो ।

यसलाई नेपाली समाजमा विशेष गरी ग्रामीण भेगमा शुद्ध र प्राकृतिक पिउने पानीको मुख्य स्रोत मानिन्छ । मन्दिर मधेशकै प्रसिद्ध शक्तिपीठ मानिएको छ । बर्दिबास-४ माईस्थानस्थित मा अवस्थित मन्दिर अगाडिका तीन सरोवर (तलाउ) कञ्चन पानीले भरिएर कमल फूल लहराएपछि यहाँको परिवेश फेरि एक दशक पहिलेझैं मनोरम बनेको छ ।

जरुवा पानीको मूल यसपाला १० वर्षपछि फुटेपछि एकपछि अर्कोमा गर्दै तीनवटा तलाउ पानीले भरिएका छन् ।

"हामीले यो जरुवा पलाउला भन्ने आस मारी सकेका थियौं, यसपालि यो पलाएर तलाउ भरिए", माइस्थानका सामाजिक अगुवा ६५ वर्षीय सोम कार्की भन्नुहुन्छ, "अब यसको सरसफाइ नियमित गर्न सकिए जरुवा दिगो हुन्छ भन्ने आस पलाएको छ।"

मन्दिर परिसरको जरुवाकै पानी पाँच/सात किलोमिटर तलका हाथीलेट र सतखोलीसम्मका सर्वसाधारणको जीवनसँग जोडिएको कार्कीलाई झलझली याद छ । जरुवा अकस्मात् सुकेपछि यस भेगकै जग्गा सुख्खा भइ उत्पादन घटेको माईस्थानकै अर्का बासिन्दा बद्रीबहादुर राउतले बताउनुभयो ।

विक्रम संवत् २०७२ को भूकम्पपछि जरुवा सुकेर यहाँका तलाउ र जलमार्ग कमिला हिँड्ने बनेका माईस्थानवासी बताउँछन् । एक दशक पहिले मन्दिर अवस्थित परिसरभित्रको एउटा रुखको फेदबाट भूलभूल उम्लेर निस्कने जरुवा हराउँदा यहाँका बुढापाका अनिष्टको आशङ्का गर्थे । तर यो त वर्षाको कमी, मन्दिर नजिकका नदीमा निरन्तर हुने उत्खनन र जरुवास्थल सफा नगर्दा सुकेको जलाधार तथा भूगर्भविज्ञले बताएका छन् ।



पछिल्ला पाँच/छ वर्षयता चुरे पर्वत श्रेणीका सुक्खा चउरमा पानी पुनर्भरण पोखरीको निर्माण बढ्दै जानु र यसपाला चुरे क्षेत्रमा पानी पर्नुले यहाँको जरुवा पलाएको चुरे तथा जलाधार विज्ञ डा विजयकुमार सिंहले जानकारी दिनुभयो ।

"यहाँका वनक्षेत्र र नदी किनारमा पछिल्ला पाँच/सात वर्षयता पोखरी निर्माण भएका छन्, ती पोखरीले पानी पुनर्भरणमा मद्दत गरेका छन्", डा सिंह भन्नुहुन्छ, "यसपाला चुरे क्षेत्रमा वर्षा पनि निकै भएको हुँदा जरुवा पलाएको हो ।"

बर्दिबास क्षेत्रमा पछिल्ला १० वर्षबीच सरदर एक हजार १९६ मिलिमिटरदेखि एक हजार ३०० मिलिमिटरसम्म वर्षा भएको जल तथा मौसम विज्ञान विभागको विगतको तथ्याङ्क छ ।

यसपालि वैशाखदेखि गत असोजसम्म एक हजार ५०० मिलिमिटरसम्म वर्षा भएको अनुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभागको सूचनालाई आधार मान्दै डा सिंहले माईस्थानको जरुवा पलाउन यसपालिको वर्षा सहयोगी भएको बताउनुभयो ।

जलवायु परिवर्तन र मनसुनको प्रभावका कारण प्रत्येक वर्ष वर्षाको मात्रा समान हुँदैन ।

यसै क्रममा पछिल्ला १० वर्षमा प्रत्येक वर्ष कति पानी पऱ्यो भन्ने यकिन गरिएपछि यहाँ जरुवा पलाउनुको कारण पहिल्याउन सकिने भूगर्भविद् सोमनाथ सापकोटा बताउनुहुन्छ । बर्दिबास वा नेपालका अन्य क्षेत्रमा वातावरणीय अध्ययन गर्दा वर्षाको तथ्याङ्क र भूमिगत पानीको सतहको मापन गर्दा कुन महिनामा कति वर्षा हुँदा भूमिगत पानीको सतहमा कस्तो प्रभाव पऱ्यो भन्ने स्पष्ट हुनसक्ने सापकोटाको भनाइ छ ।

यसका लागि स्थानीय तहले वैज्ञानिक तथ्याङ्क निकाल्न सके दीर्घकालीन समस्या समाधान गर्न मद्दत पुग्ने उहाँको भनाइ छ । तर स्थानीय तहले तथ्याङ्कमा काम गर्न जाँगर नदेखाएका सापकोटाको गुनासो छ । विज्ञले जरुवा पलाउनुको वैज्ञानिक कारण खोजिनुपर्ने बताइरहेबीच यस भेगका बासिन्दा भने एक दशकपछि जरुवा पलाउनुलाई 'चमत्कार' भनेर बुझ्दैछन् । एक दशकपछि जरुवा पलाएर मन्दिर परिसरका तलाउ पानीले भरिएर कमल फुल्न थालेपछि दर्शन र पूजाअर्चनाका लागि पुग्ने श्रद्धालु दंग देखिन्छन् । बितेका १० वर्षपछि सुकेका तलाउ र सुक्खा परिवेशले दिक्दार मान्ने श्रद्धालुलाई यसपाला यही ठाउँ मनोरम बनेको छ ।

"लाग्यो, फेरि १० वर्ष पहिलेको माईस्थान आइएको छ" मन्दिर दर्शनका लागि शुक्रबार पुग्नुभएका भन्ज्ञाहा-५ सीतापुरका ७० वर्षीय राजेन्द्र मण्डलले खुसी व्यक्त गर्दै भन्नुभयो, "अब मन्दिर परिसरका तलाउ सधैं यस्तै कञ्चन पानीले भरिएकादेखि रहन पाइयोस् ।"

यसपाला जरुवा पलाएर मुहानबाट भूलभूल निस्केको पानीले सबै तलाउ र ओरपरका इनार भरिएपछि बर्दिबासका सामाजिक सङ्गसंस्था र मन्दिर छेउकै सशस्त्र प्रहरीको मधेस प्रदेश कार्यालयले नियमित सरसफाइ शुरु गरेका छन् । सरसफाइको संयोजन बर्दिबास उद्योग वाणिज्य सङ्घले गर्दै आएको छ । यस कार्यलाई निरन्तरता दिदै जरुवाको मुहान नियमित सफा गर्ने र पानीको स्वच्छताका लागि बर्दिबास नगर कार्यपालिकाको कार्यालयले सबैसँग समन्वय गर्नसके जरुवा दिगो हुने माइस्थानबासीले आसा गरेका छन् । रासस

करातेका १७ खेलाडी प्रदेशस्तरीय प्रतियोगितामा छनोट

टुडे समाचारदाता

जनकपुरधाम । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३ का लागि धनुषा जिल्लास्तरीय कराते छनोट प्रतियोगिता शुक्रबारसम्पन्न भएको छ। प्रतियोगिताबाट विभिन्न तौल समूह तथा काता विधामा गरी १७ जना खेलाडी प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका छन् ।

नेपाल कराते महासंघ धनुषाका अध्यक्ष वीरेन्द्र कर्णको अध्यक्षता तथा जिल्ला खेलकुद विकास समिति धनुषाका अध्यक्ष कुशकुमार यादवको प्रमुख आतिथ्यमा प्रतियोगिता सम्पन्न भएको छ।

सो प्रतियोगिताबाट पुरुषतर्फ प्रबिन दास (५० केजी), निशान्त मगराति (५५ केजी), विकास रसाइली (६० केजी) र मनोहर महतो (७५ केजी) छनोट भएको नेपाल कराते महासंघ धनुषाका अध्यक्ष वीरेन्द्र कर्णले जानकारी दिए ।

त्यसैगरी पुरुष एकल कातातर्फ बब्लु कवाडी तथा टिम कातातर्फ विकास रसाइली, सुभाष मण्डल र प्रबिन दास छनोट भएका छन् ।

त्यस्तै, महिलातर्फ प्रतिका लमगादे (४५ केजी), आशिका यादव (५० केजी), सोनु कुमारी यादव (५५ केजी), अमृता साह (६१ केजी) र यम कुमारी पुयार मगर (-६८ केजी) छनोट भएका छन् ।

महिला एकल कातातर्फ सुधा मग्राती तथा टिम कातातर्फ सुधा मग्राती, अस्मिता मिजार र निकिता मिजार छनोट भएको अध्यक्ष कर्णले बताए ।

छनोट भएका खेलाडीहरूले अब प्रदेशस्तरीय प्रतियोगितामा धनुषा जिल्लाको प्रतिनिधित्व गर्ने उनको भनाइ छ ।

प्रतियोगिताको सफल आयोजनासँगै छनोट भएका खेलाडीहरूलाई अध्यक्ष वीरेन्द्र कर्णले आगामी प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्दै जिल्लाको गौरव बढाउन शुभकामनासमेत व्यक्त गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८